ज.प्र.का.म.द.नं.४८/०७३/०७४

- वर्ष ६, अंक १०१
- ३० पुस २०७९ शनिबार
- 14 Jun. 2023, Saturday
- www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## ट्रमा सेन्टर ढल्कवेरमै बन्छ, ढुक्क हुनुस् : मेयर महतो




**दिवेशकुमार महतो**

**पुस २९ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिकाको मेयर महेन्द्र महतोले ट्रमा सेन्टर ढल्केवर मै बन्छ भनेर ढुक्क रहन नगरवासीहरुलाई आग्रह गरेका छन्।

शुक्रबार मिथिला नगर पत्रकार सञ्जाल ढल्केवर धनुषाको दोस्रो वार्षिक साधारणसभाको अवसरमा नगर प्रमुख महतोले ट्रमा सेन्टरको विषयमा बोल्दै उनले भने, संघीय सरकारले आर्थिक वर्ष २०७८/०७९ को बजेट मार्फत घोषणा गरेको ५० शैयाको ट्रमा सेन्टर ढल्केवर मै निर्माण हुन्छ ।

मेयर महतोले ट्रमा सेन्टर निर्माणको लागि नगरपालिकाले आवश्यक सबै किसिमको तयारी गरिरहेको जानकारी दिए। उनले ट्रमा सेन्टर को लागि प्रस्तावित स्थानमा प्राविधिक टोलीले माटो परिक्षण गर्न आउँदा , सम्बन्धित सरोकारवाला व्यक्तिलाई जानकारी नै नदिई गलत रिपोर्ट तयार गरेर सार्वजनिक गरी भ्रम फैलाइएको प्रति खेद प्रकट गरे ।

मेयर महतोले यसमा कतै न कतै बिचौलियाहरुको बदनियतले राम्रो ठाउँलाई गलत रुपमा व्याख्या गरी ट्रमा सेन्टर सार्ने दाउपेच गरेको आरोप लगाए। उनले भने, उपयुक्त जग्गालाई पनि अनावश्यक बखेडा झिकेर विवादित बनाउन मात्रै खोज्नेको मनसाय कुनै पनि हालतमा सफल हुन दिने छैनौ । हामी यहाँका स्थानीय बासी हौं। हामीलाई थाहा छ कि यहाँ कस्तो जमिन छ भनेर त्यसैले ट्रमा सेन्टर जुनसुकै हालतमा ढल्केवर मै बन्छ ।

उनले ट्रमा सेन्टर निर्माणको लागि आफूले काठमाडौं मा बसेर मन्त्रालयको सचिव लगायत सरोकारबालाहरु सँग समन्वय तथा पहल गरेको जनाए ।

उनले नगरपालिका सञ्चालन भएको ८ महिना बित्न लाग्दा पनि कुनै काम नगरेको र बढी समय काठमाडौं मै बिताएको भनेर लाग्दै आएको आरोप बारे स्पष्ट गर्दै उनले आफू जनताको सेवक भएको र जनता कै काम गर्न आएको हुँदा काम गर्ने बेलामा सानोतिनो गल्ती हुनु स्वाभाविक रहेको स्वीकार गरे ।

मेयर महतोले आफु ५ वर्षका लागि निर्वाचित भएर मिथिला नगर पालिकाको विकासकै लागि आएको बताउँदै विभिन्न ऐन नियमका कारण केही कार्य तथा योजनाका गतिविधी चलाउन केही ढिला भएपनि अबको दिनमा नगरका कार्यहरु द्रुतगतिमा अगाडी बढ्ने बताए। उनले निर्वाचित भएर आफु आएपछि काम गर्न खोज्दा पनि विभिन्न ऐन र कार्यविधिको अभावमा उल्लेख्य प्रगति हुन नसकेको भन्दै अब नगरपालिकाले विभिन्न कार्यविधि तथा नियमहरुले बनाएर कार्यको सुरुवात गर्न थालेको जानकारी दिए।

मेयर महतोले मिथिला नगर पालिकामा १५ सय्याको अस्पताल बन्छ भनेर आएको टेन्डर फिर्ता भइसकेको अवस्थामा पुनः फर्काएर ल्याएको जानकारी दिंदै प्रस्तावित ठाउँमै ट्रमा सेन्टर बन्ने बताए।

मिथिला नगरपालिका १ स्थित बल्डारामा १५ शय्याको अस्पताल निर्माण तथा स्नातक तहको अध्ययनका लागि क्याम्पस निर्माणका कार्यका लागि आफुले योजना अघि बढाई सकेको उनले जानकरी दिए ।

यी सब कामहरु काठमाडौं मै बसेर गरेपछि सम्भव भएको हो । हाम्रो समाजमा विकास भनेको नाला , सडक र इनारलाई मात्र मुल्यांकन गर्छन्। हामीले मिथिला नगर पालिकालाई समग्र रुपमा विकास गर्न शिक्षा, स्वास्थ्य, र कृषिमा केन्द्रीत भइ काम आगाडि बढाइ सकेका छौं। त्यसको प्रतिफल नगर वासीले चाडै पाउनुहुनेछ, मेयर महतोले बताए ।

महतोले तथ्यमा टेकेर नगरको समग्र विकासका लागि कलम चलाउन पत्रकारहरुलाई आग्रह गरे ।

यस्तै साधारणसभामा शुभकामना मन्तव्य राख्दै विशिष्ट अतिथि मिथिला नगरपालिकाका उपमेयर सुनिता सिंह बुढाथोकीले फेक आइडी बनाएर समाजिक संजालमा नगरपालिकाको गतिविधीको विषयमा गलत अपवाह न फैलाउन आग्रह गरिन् । समाजिक संजालमा गलत अपवाह फैलाएर केही पनि नहुने भन्दै उनले फेक आइडी बनाएर गलत अपवाह फैलाउनु भन्दा पनि सत्यतथ्य खोजी लेख्नुपर्नेमा जोड दिइन् ।

यता साधारणसभालाई सम्बोधन गर्दै विशिष्ट अतिथि नेपाल पत्रकार महासंघ धनुषा शाखाका अध्यक्ष मनिका झाले पत्रकारहरु पत्रकार आचारसंहिताको दायराभित्र रहेर कलम चलाउनु पर्नेमा जोड

*बाँकी पृष्ठ ३ मा*

## मधेसका मुख्यमन्त्री यादवसहित चार मन्त्रीले लिए शपथ



मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले शुक्रबार पद तथा गोपनीयताको शपथ लिएका छन्।

बुधबार मुख्यमन्त्रीमा नियुक्त रुभएका उनले आज मधेस भवनस्थित प्रदेश प्रमुखको कार्यालयमा केहीबेरअघि शपथ लिएका हुन्।

उनीसँगै अन्य तीन मन्त्री: जनमतका वसन्त कुशवाहा, एमालेका सरोज यादव र जसपाका संजय यादवले सपथ लिएका छन्। यी आज नियुक्त भएका यी मन्त्रीहरूको विभाग भने अझै टुङ्गो लगेको छैन।

मधेस प्रदेशमा १० मन्त्रालय छन्। प्रदेशमा जसपा र जनमतले आलोपालो नेतृत्व गर्ने सहमति गरेका छन्।

## इगभर्नेन्स मास्टर प्लान तयार पार्ने मुख्यमन्त्री यादवको पहिलो निर्णय



मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोज यादवले पदभार ग्रहण गरेका छन्।

शुक्रबार प्रदेश प्रमुख हरिशंकर मिश्रले नवनियुक्त मुख्यमन्त्री यादवलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराए लगत्तै जनकपुरधामस्थित सहिदद्वारमा सहिदहरुको शालिकमा माल्यार्पणका लागि पुगेका थिए।

त्यसपछि मुख्यमन्त्री कार्यालय पुगेर पदभार ग्रहण गरेका हुन्। उनलाई मुख्यमन्त्री कार्यालयका सचिव कृष्णबहादुर राउतले स्वागत गरे।

पदभार ग्रहण गरे लगत्तै नवनियुक्त मुख्यमन्त्री यादवले प्रदेशको इगवर्नेन्स मास्टर प्लान तयार पार्ने निर्णय गरेका छन्।

प्रदेशमा सेवालाई प्रभावकारी बनाउन विद्युतीय सञ्जालसँग जोड्ने गरि इगभर्नेन्स मास्टर प्लान तयार पार्ने निर्णय गरिएको हो।

यसका साथै नवनियुक्त मुख्यमन्त्री यादवले प्रदेशभित्र रहेका हरेक सरकारी कार्यालयमा गुनासो पेटिका राख्न निर्देशन दिएका छन्।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा श्रदीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# बलिउडमा खानहरूको लगातार राज थियो, ६ वर्षयता यसरी खस्कियो



काठमाडौं- बलिउडमा चार वर्षपछि मुख्य अभिनेताको रुपमा पुनरागमन गर्न लागेका शाहरुख खानले सन् २०२३ मा 'पठान', 'जवान' र 'डंकी' गरी तीन फिल्म रिलिज गर्दैछन्।

सलमान खानका दुई फिल्म 'टाइगर ३' र 'किसी का भाइ किसीकी जान' पर्दामा आउनेछन्। प्रश्न उठ्छ कि के कुनै खान सुपर स्टारले यस पटक वर्षको सबैभन्दा धेरै कमाइ गर्ने फिल्म दिन सक्लान्? पछिल्लो ६ वर्षको रेकर्ड हेर्ने हो भने कुनै पनि खान सुपरस्टारले वर्षको सबैभन्दा धेरै कमाइ गर्ने फिल्म दिएका छैनन्। सन् २०१७ भन्दा अघि खान सुपरस्टारले लगातार १० वर्षसम्म शीर्ष स्थान ओगटेका थिए।

सन् २०२२ मा कन्नड सिनेमाको यश स्टारर फिल्म 'केजीएफ च्याप्टर २'ले बक्स अफिसमा सबैभन्दा धेरै कमाइ गरेको थियो। यो फिल्मको हिन्दी भर्सनले करिब ४३४.७० करोड भारु कमाएको थियो। सन् २०२२ मा शाहरुख खान र सलमान खानको कुनै हिन्दी फिल्म थिएन। तर आमिर खानको 'लाल सिंह चड्ढा' रिलिज भएको थियो, जुन घटेर ५८.७३ करोड भारुमा झरेको थियो र सूचीको १९औं स्थानमा थियो।

सन् २०२१ मा सबैभन्दा धेरै कमाइ गर्ने फिल्मको रेकर्ड हलिउड फिल्म 'स्पाइडर म्यानः नो वे होम' हो, जसले करिब २१८ करोड भारु कमाएको थियो। सलमान खानका दुई फिल्म 'राधे' र 'एन्टिम' सन् २०२१ मा रिलिज भएका थिए, जसमध्ये 'राधे' ओटीटी प्लेटफर्ममा आएको थियो भने 'एन्टिम'ले बक्स अफिसमा मात्र ३९.०६ करोड भारु कमाएको थियो।

सन् २०२० मा सबैभन्दा धेरै कमाइ गर्ने फिल्म अजय देवगनले दिएका थिए। उनको फिल्म 'तान्हाजीः द अनसंग वारियर'ले २७९.५५ करोड भारु कमाएको थियो। यो वर्ष खानका तीन फिल्ममध्ये कुनै पनि फिल्म पर्दामा रिलिज भएको थिएन।

सन् २०१९ मा हलिउड फिल्म 'एभेन्जर्सः एन्डगेम' ले करिब ३७३.२२ करोड भारु कमाएर सबैभन्दा बढी कमाइ गर्ने फिल्म बनेको थियो। सलमान खानका दुई फिल्म 'भारत' र 'दबंग ३' रिलिज भएका थिए र यी दुईमध्ये कुनै पनि टप ४ मा पुग्न सकेनन्। यी दुवै चलचित्रको कलेक्सन क्रमशः २११.०७ करोड र १४६.११ करोड थियो। आमिर र शाहरुखको कुनै फिल्म थिएन।

सन् २०१८ मा रणबीर कपुर अभिनित फिल्म 'सञ्जु' सबैभन्दा धेरै कमाई गर्ने फिल्म बनेको थियो। यो फिल्मले ३४२.५३ करोड भारु कमाएको थियो। सोही वर्ष सलमान खानको 'रेस ३', आमिर खानको 'ठग्स अफ हिन्दोस्तान' र शाहरुख खानको 'जिरो' रिलिज भएका थिए र यी फिल्मले क्रमशः १६६.४० करोड, १५१.१९ करोड र ९०.२८ करोड भारु कमाएका थिए। यीमध्ये कोही पनि शीर्ष ५ मा पुग्न सकेनन्। सन् २०१७ को सबैभन्दा बढी कमाइ गर्ने फिल्म प्रभास अभिनित 'बाहुबली २ : द कन्क्लुजन' थियो, जसले करिब ५१० करोड भारु कमाएको थियो। यो वर्ष सलमान खानका दुई फिल्म 'ट्युबलाइट' र 'टाइगर जिन्दा है' रिलिज भएका थिए, जसको कलेक्सन करिब ११९.२६ करोड र ३३९.१६ करोड थियो। आमिर खानको 'सिक्रेट सुपरस्टार'ले ६३.४० करोड भारु कमायो भने शाहरुख खानका दुई फिल्म 'रईस' र 'जब ह्यारी मेट सेजल'ले क्रमशः १३७.५१ करोड र ६४.३३ करोड भारु कमाए।

सन् २०१६ मा आमिर खान अभिनित 'दंगल' ले सर्वाधिक ३८७.३८ करोड भारु कमाएको थियो। सलमान खानको फिल्म 'सुल्तान' पनि थियो, जसले करिब ३००.४५ करोड भारु कमाएको थियो। शाहरुख खानका दुई फिल्म 'फ्यान' र 'डियर जिन्दगी' रिलिज भएका थिए, जसको कलेक्सन क्रमशः ८४.१० करोड र ६८.१६ करोड थियो।

सन् २०१५ को सबैभन्दा धेरै कमाइ गर्ने फिल्म सलमान खानले दिएका थिए, जुन 'बजरंगी भाइजान' थियो। यो फिल्मले ३२०.३४ करोड भारु कमाएको थियो। सलमान खानको फिल्म 'प्रेम रतन धन पायो' ले करिब २१० करोड भारु कलेक्सन गर्दै दोस्रो नम्बरमा थियो। आमिर खानको कुनै पनि फिल्म थिएन भने शाहरुख खानको फिल्म 'दिलवाले' रिलिज भएको थियो, जसले करिब १४८.७२ करोड भारु कमाएको थियो।

सन् २०१४ मा आमिर खान अभिनित फिल्म 'पीके' सर्वाधिक कमाई गर्ने फिल्म बनेको थियो। यसको कलेक्सन करिब ३४०.८ करोड़ थियो। सलमान खानका दुई फिल्म 'जय हो' र 'किक' रिलिज भएका थिए र दुवैको कलेक्सन क्रमशः ११६ करोड र २३१.८५ करोड थियो। शाहरुख खानको फिल्म 'ह्याप्पी न्यू इयर' ले करिब २०३ करोड भारु कलेक्सन गरेको थियो। सन् २०१३ मा आमिर खानको फिल्म 'धुम ३' ले सबैभन्दा बढी २८४.२७ करोड भारु कमाएको थियो। यो वर्ष सलमान खानको कुनै पनि फिल्म रिलिज भएको थिएन। शाहरुख खानको फिल्म 'चेन्नई एक्सप्रेस' ले करिब २२७.१३ करोड भारु कमाएको थियो।

सन् २०१२ मा सलमान खान अभिनित फिल्म 'एक था टाइगर' सर्वाधिक कमाइ गर्ने फिल्म बनेको थियो। यो फिल्मले करिब १९८.७८ करोड भारु कलेक्सन गरेको थियो। सलमान खानको फिल्म 'दबंग २' पनि दोस्रो नम्बरमा थियो, जसले करिब १५५ करोड भारु कमाएको थियो। आमिर खानको फिल्म 'तलाश' ले यो वर्ष करिब ९३.४० करोड भारु कलेक्सन गरेको थियो। शाहरुख खानको फिल्म 'जब तक है जान' पनि थियो र यो फिल्मको कलेक्सन करिब १२०.८५ करोड भारु थियो।

सन् २०११ मा सलमान खानको पहिलो र दोस्रो सर्वाधिक कमाइ गर्ने फिल्म थियो। उनको 'बडिगार्ड' करिब १४८.८६ करोड भारुका साथ शीर्ष स्थानमा रह्यो भने 'रेडी' ११९.७८ करोड भारुका साथ दोस्रो स्थानमा रह्यो। आमिर खानको कुनै पनि फिल्म थिएन। शाहरुख खानका दुई फिल्म 'रा-वन' र 'डन २' रिलिज भएका थिए र यी फिल्मको कलेक्सन क्रमशः ११४.२९ करोड र १०६.७१ करोड थियो।

सलमान खानको 'दबंग' सन् २०१० मा सबैभन्दा धेरै कमाइ गर्ने फिल्म बनेको थियो, जसले करिब १३८.८८ करोड भारु कमाएको थियो। सलमान खानको अर्को फिल्म 'वीर' पनि यसै वर्ष आएको थियो, जसको कलेक्सन करिब ४६ करोड भारु थियो। अभिनेताका रुपमा आमिर खानको कुनै पनि फिल्म थिएन। शाहरुख खानको फिल्म 'माई नेम इज खान' रिलिज भएको थियो, जसको कलेक्सन करिब ८२.५२ करोड भारु थियो। सन् २००९ मा आमिर खानको मुख्य भूमिका रहेको 'थ्री इडियट्स' सर्वाधिक कमाइ गर्ने फिल्म बनेको थियो। यो फिल्मले २०२.९५ करोड भारु कमाएको थियो । सलमान खानका तीन फिल्म 'वान्टेड', 'मैं और मिसेज खन्ना' र 'लण्डन ड्रिम्स' रिलिज भएका थिए र यी तीनैफिल्मको कलेक्सन क्रमशः ६०.२४ करोड, ७.४० करोड र २८.९६ करोड थियो। शाहरुख खानको फिल्म 'बिल्लू' ले करिब २२.९२ करोड भारु कमाएको थियो। सन् २००८ मा आमिर खान अभिनित 'गजनी' ११४ करोड भारु कमाएर सबैभन्दा धेरै कमाइ गर्ने फिल्म बनेको थियो। यो वर्ष सलमान खानका तीन फिल्म 'गड तुसी ग्रेट हो', 'हिरोज' र 'युवराज' आए र तीनै फिल्मले बक्स अफिसमा क्रमशः १२.५१ करोड, १२.६३ करोड र १६.८९ करोड कलेक्सन गरे। शाहरुख खानको फिल्म 'रब ने बना दी जोडी' ले करिब ८४.६८ करोड भारु कमाएको थियो।

सन् २००७ मा शाहरुख खानको फिल्म 'ओम शान्ति ओम' करिब ७८.१७ करोड भारु ग्रसका साथ सर्वाधिक कमाइ गर्ने फिल्म बनेको थियो। यो वर्ष शाहरुख खानको अर्को फिल्म 'चक दे इन्डिया' पनि रिलिज भएको थियो, जसले करिब ६६.५४ करोड भारुको कलेक्सन गरेको थियो। आमिर खानको फिल्म 'तारे जमीन पर' ले करिब ६१.८३ करोड भारु कमाएको थियो। सलमान खानका चार फिल्म 'सलाम-ए-इश्क', 'पार्टनर', 'मेरि गोल्ड' र 'सावरिया' आए र यसको कलेक्सन क्रमशः २२.६८ करोड, ६०.०५ करोड, उपलब्ध नभएको र २०.९२ करोड थियो।

सन् २००६ मा ऋतिक रोशन अभिनित 'धूम २' सबैभन्दा धेरै कमाइ गर्ने फिल्म बनेको थियो, जसले करिब ८१.०१ करोड भारु कमाएको थियो। यो वर्ष सलमान खानका तीन फिल्म 'शादी करे फस गया यार', 'बाबुल' र 'जा-ए-मन' रिलिज भएका थिए। आमिर खानका दुई फिल्म 'रंग दे बसन्ती' र 'फना' आए।

शाहरुख खानका दुई फिल्म 'कभी अलविदा ना कहना' र 'डन' पर्दामा पुगे। - एजेन्सी

## साउथका ६ अभिनेत्री : जसको प्रेम र अफेयर सधैँ चर्चामा रह्यो



मुम्बई । अभिनयको कारणले साउथ (दक्षिण भारतीय अभिनेत्री जति चर्चामा छन् । प्रेम र अफेयरको कारणले पनि उनीहरूको चर्चा कम छैन । कतिपयको प्रेम त सधैँ मिडियाको हेडलाइन बन्ने गर्दछ । प्रेम र अफेयरका करणले धेरै चर्चा रहने यी हुन् ६ अभिनेत्री ।

**त्रिशा कृष्णनः**

साउथकी चर्चित अभिनेत्री मध्येकी एक हुन् तृषा कृष्णन । उनको बाहुबलीका भल्लालदेव अर्थात् अभिनेता राणा डग्गुबतीको अफेयर लामो समयदेखि चर्चा थियो । कयौं पटक उनीहरूको ब्रेकअप र त्यसपछि रि-लिङ्कअपको खबर समेत मिडियामा छाइरह्यो । यद्यपि तृषा र राणा दग्गुबातीले यो कुरालाई आफैंले कहिल्यै आधिकारिक भनेनन् । अहिले र णाले मिहिका बजाजसँग विवाह गरिसकेका छन् ।

**तापसी पन्नुः**

साउथबाट बलिउडमा सफल करियर बनाएकी अभिनेत्री तापसी पन्नु कुनै समय व्यक्तिगत जीवनका कारण चर्चामा थिइन् । अभिनेत्रीको ब्याडमिन्टन खेलाडी मथियास बोईसँगको अफेयरको खबर सधैँ चर्चाको विषय बन्थ्यो । यी दुईको पहिलो भेट हैदराबादमा एक खेलका क्रममा भएको थिए ।

**अनुष्का शेट्टीः**

फिल्म बाहुबलीमा देवसेनाको भूमिका निभाएकी अभिनेत्री अनुष्का शेट्टी र यही फिल्मबाट रातारात चर्चित अभिनेता प्रभासको डेटिङको अफवाह सधैँ फैलिन्थ्यो । फिल्म 'बाहुबली' अघि पनि यो जोडीले धेरै फिल्ममा काम गरिसकेका छन् र फ्यानले पनि उनीहरुलाई निकै मन पराएका छन् ।

**नयनताराः**

साउथको लेडी सुपरस्टार नयनतारा र भारतका माइकल ज्याक्सन प्रभुदेवा एकअर्कालाई डेट गर्दैछन् भन्ने खबर धेरै पटक आएको हो । नयनतारासँगको कुरालाई अगाडि बढाउन उनले श्रीमतीसँग सम्बन्ध विच्छेद गरेको पनि भनिएको थियो । तर केही समयपछि सन् २०१२ मा यी दुईबीच ब्रेकअप भएको खबर बाहिर आएको थियो । अहिले अभिनेत्री नयनतारा फिल्म निर्माता विग्नेश शिवनकी पत्नी र जुम्ल्याहा बच्चाकी आमा हुन् ।

**रश्मिका मण्डनाः**

नेशनल क्रस भनिने साउथ अभिनेत्री रश्मिका मन्डन्ना र अभिनेता विजय देवरकोन्डाको डेटिङलाई लिएर अहिले चर्चा निकै चर्को छ । यद्यपि दुबै सँगै नदेखिएका छन् र न त कुनै आधिकारिक घोषणा गरेका छन् । कफी विथ करणमा विजय देवरकोंडाले रश्मिका मन्डन्नासँग विशेष सम्बन्ध रहेको बताएका भने थिए ।

**काजल अग्रवालः**

साउथकी चर्चित अभिनेत्री काजल अग्रवाल र रणदीप हुड्डाको नाम पनि एकअर्कासँग जोडिएको थियो । दुवै फिल्म 'दो लफ्जों की कहानी' मा सँगै देखिएका थिए । तर, यी दुईको सम्बन्ध कुनै विन्दुमा पुग्नुअघि नै टुटेको बताइन्छ । हाल अभिनेत्रीले गौतम किचलुसँग विवाह गरिसकेकी छन् । - एजेन्सी


बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।
औरही नगरपालिका कार्यालय
महोत्तरी

बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।
मठिहानी नगरपालिका कार्यालय
महोत्तरी

# यसरी घरमै निको पार्न सकिन्छ

# बालबालिकामा देखिने मौसमी रुघाखोकी

अब चिसो मौसम सुरु हुनै लागेको छ । यो समयमा बालबालिकालाई मौसमी रुघाखोकी धेरै सताउने गर्छ । मौसमी रुघाखोकी सबै उमेरको व्यक्तिहरुमा देखिए पनि ५ वर्षभन्दा मुनिका बालबालिकालाई खतरा पनि हुन सक्छ ।



बालबालिकामा देखिने मौसमी रुघाखोकीको घरेलुविधिबाट उपचार गर्न सकिन्छ । बालबालिकामा हुने मौसमी रुघाखोकीलाई कसरी घरायसी विधिबाट उपचार गर्ने ? केके कुरामा ध्यान दिने र कुन अवस्थामा अस्पताल लाने भन्ने विषयमा चाइल्ड हेल्थ नर्सिङ सुरक्षा सुवेदीले जानकारी गराएकी छिन् :

के हो भाइरल फिभर ?

भाइरल फिभर भनेको सामान्य भाषामा मौसमी रुघाखोकी हो । ५ वर्ष भन्दा मुनिका बालबालिकाहरुलाई रुघाखोकी लाग्ने, ज्वरो आउने समस्याहरु धेरै देखिन्छ । ज्वरोमा धेरै प्रकारको ज्वारो हुन्छ । किटाणु वा शरीरमा केही इन्फेक्सनको कारणले पनि ज्वरो आउन सक्छ ।

किटाणुको कारणले ज्वरो आएको छ भने औषधि खाएपछि निको हुन्छ । तर भाइरसको कारणले आएको ज्वरोको औषधि हुँदैन । भाइरल फिभरमा भाइरसलाई मार्ने औषधि हुँदैन । अर्थात, भाइरसको कारणले आएको ज्वारो तथा रुघाखोकी एन्टिबायोटीकले निको हुँदैन ।

एन्टिबायोटीक ब्याक्टेरियाको लागि प्रयोग गर्नुपर्ने हुन्छ । अर्थात ब्याक्टेरियाको कारणले बालबालिकामा समस्या देखियो भने प्रयोग गर्न सकिन्छ । तर, अहिले भाइरसको लागि पनि एन्टिबायोटीक प्रयोग गरिन्छ, त्यो गलत हो ।

बालबालिकालाई ज्वरो आउनेबित्तिकै एन्टिबायोटीक खुवाउने चलन छ, त्यो गलत हो । गलत एन्टिबायोटीक प्रयोगले भाइरसलाई त छुँदैछुँदैन, यता एन्टिबायोटीकले बालबालिकाको शरीरमा पनि थप समस्या निम्त्याउन सक्छ । एन्टिबायोटीकको कारणले गर्दा बालबालिकाको शरीरमा असर गर्छ ।

ब्याक्टेरियाको कारणले बिरामी परेको हो भने एन्टिबायोटीक खान सकिन्छ । तर भाइरलको कारणले समस्या भएको हो भने बालबालिकाले खाएको एन्टिबायोटीकले काम नगर्ने हुन्छ । बरु उल्टै विभिन्न समस्या निम्त्याउँन सक्छ ।

बालबालिकालाई भाइरसबाट जोगाउनको लागि सबैभन्दा पहिला पूर्णरुपमा खोप लिएको हुनुपर्छ । भाइरसको उपचार भनेको आराम गर्ने, तातोपानी खाने, बेसार र तातोपानी खाने नै हो ।

हामीमा बालबालिकालाई सामान्य रुघाखोकी लाग्दा, ज्वरो आउँदा एन्टिबायोटीक खुवाउने चलन छ । भाइरसको कारणले नै भएको हो भने घरायसी उपचारनै सबै भन्दा राम्रो हुन्छ । तर १०३ भन्दा धेरै ज्वरो आएको खण्डमा भने स्वास्थ्य संस्था लैजानु पर्ने हुन्छ ।

अस्पतालमा पनि स्वास्थ्यकर्मी नै दोधारमा हुन्छन् । ब्याक्टेरिया या भाइरस केको कारणले बिरामी भएको हो भन्ने कुरामा नै अन्योलमा हुन्छन् । जसले गर्दा एन्टिबायोटीक पेस्क्रिप्सन नै गरिएको पाइन्छ । यदी ब्याक्टेरियाबाट भएको हो भने राम्रो हो तर भाइरसको कारणले बालबालिका बिरामी परेको हो एन्टिबायोटीक दिनु गलत हो ।

**भाइरसको घरेलु उपचार**

सामान्य ज्वरो आउँदा औषधि खुवाइहाल्नु पर्दैन । भाइरस हाम्रो शरीरमा पनि हुन्छ र बाहिर हावाबाट जतिबेला पनि हामीलाई लाग्न सक्छ ।

जब हाम्रो शरीरमा रोगसँग लड्ने क्षमता कम हुन्छ तब भाइरलको समस्या देखिन्छ । निन्द्रा पुगेको छैन या हामी टेन्सनमा छौं भने पनि शरीरमा रोगसँग लड्ने क्षमता कम हुन्छ । सोही बेलामा शरीरमा बाहिरको भाइसले आक्रमण गर्छ ।

भाइरसले आक्रमण गरेपछि त्यसलाई मार्न सकिएन भने भाइरल देखिने हो । लक्षणहरु भनेको कसैलाई धेरै ज्वरो आउन सक्छ । तर कसैलाई ज्वरो नआउने जिउ दुख्ने, घाँटी दुख्ने, अल्छी लाग्ने मात्रै पनि हुन सक्छ । भाइरस फिभरमा धेरै जिउ, दुख्ने टाउको दुख्ने, खानमन नलाग्ने, हिँड्न नसक्ने जस्ता लक्षण देखा पर्छन् । भाइसर र ब्याक्टेरिया पनि यसरी छुट्याउन सकिन्छ । भाइरस फिभर लाग्दा झाडापखाला लाग्ने,बान्ता हुँने, पेट दुख्ने जस्ता लक्षणहरु पनि देखिन्छन् । मौसम परिवर्तनको समयको भाइरल फिभर भएको छ भने घरमानै उपचार गर्न सकिन्छ ।सो समयमा तातोपानी, अदुवा, बेसार, तुलसीको पात र महको सेवन हितकर हुन्छ । यो भाइरलको लागि राम्रो औषधि पनि हो ।

भाइरसको लागि एन्टिबायोटीक भन्दा पनि घरेलु उपचार राम्रो हुन्छ । भाइरल फिभरमा घरायसी उपचार गर्ने र आराम गर्नुपर्ने हुन्छ । हिँडडूल गर्दा झन् रोग सँग लड्ने क्षमता कम भएर जाने भएको हुँदा आरामको धेरै जरुरी हुन्छ । त्यसैले बालबालिकालाई पूर्ण रुपमा निको नभएसम्म बाहिर नपठाउनु राम्रो हो । सामान्य ज्वरो आउँदा औषधि खुवाइयो भने अर्को पटक घरलु उपचारले काम गर्दैन । पछि त्यो भन्दा पनि धेरै डोजको औषधि खानु पर्ने हुन्छ । तर यसरी औषधि खाने बालबालिकालाई ‘रिपिटेड’ भाइरल फिभर हुन्छ । बालबालिकामा देखिने भाइरल फिभर ठूलो रोग होइन । तर सामान्य भाइरल हुँदा पनि औषधि खुवाइयो भने चाहिँ पछि जटिल हुन्छ ।

मौसम परिवर्तन हुँदा भाइरस फिभरले बालबालिकालाई मात्रै होइन ठूलो व्यक्तिलाई पनि असर गर्छ । गर्मी महिनामा हाम्रो शरीरले गर्मीकै एडजष्ट गरेको हुन्छ भने जाडो महिनामा पनि जाडोकै एडजष्ट गरेको हुन्छ । तर मौसम परिवर्तन हुँदा गर्मी र जाडोको मिक्स हुँदा हाम्रो शरीरले जाडो गर्मी दुबैलाई एडजष्ट गर्न खोज्दा रोगसँग लड्न सक्ने क्षमता कम हुन्छ र त्यो कम हुने बितिकै भाइरसले आक्रमण गर्छ ।

बालबालिकाको हकमा भने रोगसँग लड्ने क्षमता एकदमै कम हुने भएको हुँदा मौसम परिर्वतन भएको समयमा बिरामी हुने सम्भावना धेरै हुन्छ । त्यसैले मौसम परिवर्तन हुने बेलामा सबै व्यक्तिले शरीरको धेरै ख्याल गर्नुपर्ने हुँन्छ ।

भारइरसबाट बच्नको लागि बच्चालाई तुलसीको पात, मह र पोषयुक्त खानेकुरा धेरै खुवाउँनु पर्छ ।

धेरै त ५ वर्ष मुनिका बालबलिकासँग रोगसँग लड्ने क्षमता कम हुन्छ । त्यस्तै २ वर्ष सम्मका बालबालिकाई झनै समस्या हुन्छ । बालबालिकालाई ज्वरो धेरै छैन भने घरेलुउपचार गर्दा गराउँदा हितकर हुन्छ । ज्वरो बढी नै छ भने पारासिटामोलले काम गर्छ । यसो त एन्टिबायोटीक धेरै खादा पेट दुख्ने, बान्ता हुने, रिगंटा लाग्ने पनि हुन सक्छ । -अर्काइभबाट

# चिसो अस्थमा हर्टअट्याकको जोखिम किन बढ्छ ? गरौं यी कुराहरुको ख्याल



रमाइलो र खानपिनका लागि जाडो मौसम जति राम्रो हुन्छ, यो मौसममा रोगको जोखिम पनि उत्तिकै हुन्छ । जाडोको आगमनसँगै विभिन्न रोगको जोखिम पनि बढ्छ ।

यी मध्ये एक रोग दमको समस्या हो । चिसो बढेसँगै दमका बिरामीको संख्या पनि बढ्न थालेको छ । दम एक श्वासप्रश्वास रोग हो जसमा श्वासनलीमा सूजनका कारण व्यक्तिलाई सास फेर्न गाह्रो हुन्छ। त्यसैले जाडो मौसम दमका बिरामीका लागि अलि अप्ठ्यारो हुन्छ ।

वेबएमडीको समाचार अनुसार चिसो मौसममा वायुमार्ग साँघुरो हुने र प्रदुषणका कारण दमको आक्रमणको सम्भावना धेरै गुना बढ्छ ।

हाम्रो कमजोर प्रतिरक्षा प्रणाली पनि दमको लक्षण बढ्नुको प्रमुख कारण हो, त्यसैले हामीले हाम्रो प्रतिरक्षा प्रणालीलाई बलियो बनाउने खालको जीवनशैली अपनाउनुपर्छ। चिसोका कारण श्वासनली साँघुरो हुने र धुवाँको निरन्तर सम्पर्कका कारण दमका बिरामीको पीडा निकै बढेको छ ।

स्वास्थ्य विज्ञहरूका अनुसार दमको समस्या जुनसुकै उमेरमा हुन सक्छ तर धेरैजसो अवस्थामा यो बाल्यकालदेखि नै सुरु हुन्छ ।

सामान्यतया यो जीवनभर लाग्ने रोग हो, यसलाई औषधि र इन्हेलरको माध्यमबाट धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ। यो रोग को लगभग समान लक्षण एक सानो बच्चा र एक वयस्कमा पाइन्छ।

**मुख्य लक्षणहरु :**

लगातार खोकी लाग्नु

चिसो लाग्नु

एकै पटक धेरै हाच्छिउँ

थोरै परिश्रम गर्दा सास फेर्न गाह्रो हुनु

सास फेर्दा सिट्टी बज्ने आवाज

छातीमा कसिलोपन महसुस हुनु

डराउनु । - एजेन्सी

# ट्रमा सेन्टर ढल्कवेरमै बन्छ,...

दिइन् । साधारणसभामा मिथिला नगरपालिका ६ का वडाअध्यक्ष नन्दकिशोर यादव, ७ का वडाअध्यक्ष रामबहादुर स्यांगदन, कृषि उपज बजार समिति ढल्केवरका अध्यक्ष बुधेश्वर महतो, मिथिला उद्योग वाणिज्य संघ ढल्केवरका महासचिव दिपक लामा, मिथिला ब्याडमिन्टन क्लव ढल्केवरका अध्यक्ष संतोष कुमार महतो, हिमालय युवा क्लवको संरक्षक तथा संजालका सल्लाहकार अरुण कुमार महतो, हिमालय युवा क्लवका सचिव शिवकुमार सिंह, मिथिला नगर युवा संजालका अध्यक्ष राजु महतो लगायतले शुभकामना मन्तव्य राख्नु व्यक्त गरेका थिए ।

साधारणसभामा संजालका उपाध्यक्षमा सरस्वती लामाको स्वागत मन्तव्यबाट सुरु भएको थियो भने कार्यक्रमको संचालन फुलगेन महतोले गरेका थिए।

संजालका अध्यक्ष विनोद कुमार महतोको अध्यक्षतामा सम्पन्न साधारणसभामा रेडियो ढल्केवरका संचालक राजेश महतो, स्टेशन म्यानेजर राम उदगार महतो, संजालका सचिव विजय कुमार साह, कोषाध्यक्ष विजय कुमार सिंह, सदस्यहरु प्रेम बहादुर कार्की, सारथी लामा, मिथिला नगर बाल संजालका अध्यक्ष दिवेश कुमार महतो लगायतको उपस्थिति रहेको थियो ।

के हो ट्रमा सेन्टरको विवाद

हालको मिथिला नगरपालिका-७ साविकको ढल्केवर गाविस वडा नं २‘क’ को कित्ता नं १६९ को चार विघा क्षेत्रफल रहेको ऐलानी जग्गालाई आधार मानेर संघीय सरकारले आर्थिक वर्ष २०७८/०७९ को बजेटमा धनुषाको ढल्केवरमा ५० शैयाको ट्रमा सेन्टर निर्माण गर्ने शीर्षकमा रकम विनियोजन गरेको थियो। त्यतिबेला मिथिला नगरपालिकाको कार्यपालिका बैठकले पनि क्रिटिकल केयर तथा ट्रमा सेन्टर सहितको अस्पताल निर्माण कार्यको लागि सम्बन्धीत निकायमा सोही जग्गा सिफारिस गर्ने निणर्य गरेको थियो तर उक्त जग्गामा १५ शैया अस्पताल निर्माण गर्नको लागि नगरपालिकाले टेण्डर आह्वान गरेपछि नयाँ तरङ्ग उत्पन्न भएको थियो। जनताहरू आक्रोशित भएर नगरपालिकाको कार्यालय घेराउ गरेका थिए।

बुधेश्वर महतोको संयोजकत्वमा ट्रमा सेन्टर बचाउ सघर्ष समिति नै गठन गरेर ट्रमा सेन्टर ढल्केवर मै बन्नुपर्छ भनेर अभियान नै चलाएको थियो। त्यसपछि तत्कालीन मेयर हरिनारायण महतोले १५ सैयाको अस्पतालको टेण्डर फिर्ता गरी ट्रमा सेन्टर नै बन्छ भनेर प्रतिबद्धता जनाएका थिए।

अहिले सोही ठाउँमा ट्रमा सेन्टरको प्रस्तावित जग्गामा माटो परीक्षण गरी डिजाइनको काम भइरहेको छ।

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**धनुषाधाम नगरपालिका**

**धनुषा**

# अवैध क्रसर उद्योगको लाईन (बत्ती) काटिने : जिसस महोत्तरी

**खबर दर्पण समाचारदाता**

**पुस २९ गते, महोत्तरी**




महात्तरी- जिल्ला समन्वय समिति महोत्तरी अवैध कसर उद्योगहरु विरुद्ध एक्सनमा उत्रेको छ । मापदण्ड विपरित संचालित अवैध उत्खनन गर्ने क्रसर र बासिंग सेन्टरमाथि गृह मन्त्रालयको निर्देशनपछि थप कडा हुदै जिसस एक्सनमा उत्रेको हो । हालसम्म कागजात उपलब्ध नगराएका र अनुगमन तथा दस्तावेजले अवैध देखिएका क्रसरहरुलाई कार्वाहीको सुरूवातमा पहिलो चरणमा बत्ति काट्ने तयारी रहेको जिल्ला समन्वय समितिका सभापति सुमन कर्णले बताए ।

उनले स्थानिय तहहरुको मार्फत क्रसरहरुको स्टोक प्रमाणित दस्तावेज आउनु पर्नेमा सो समेत नआएको बता। उनले अनुगमनकै क्रममा सबै दस्तावेज पुर्याएर मापदण्डमै रहेको र स्टक प्रमाणित गरेको यकिन नभएसम्म क्रसर हरुलाई संचालन नगर्न भनिसकिएकोमा अटेरी गर्ने कार्वाहीको भागि हुने बताए। कर्णले हालसम्म महोत्तरीमा संचालित एउटै पनि क्रसर र वासिंग सेन्टर मापदण्ड अनुसार नभेटिएकोले चर णवद्ध सबै बन्द गर्ने बताए ।

उनले कागजात पुर्याउन सक्ने र कोही कतै मापदण्डमा छ कि भनेर आफुहरुले छानविन गरिरहेकोमा छानविनमा मापदण्डमा नपर्ने र दस्तावेज बुझाउन नसक्ने तथा अवैध खरिद बिक्री गर्ने सबै क्रसर र वासिंग सेन्टर बन्द गर्ने तयारी स्वरूप नै पहिलो चरणमा बत्ति काट्न लागिएको उनले बताए ।

जिल्ला समन्वय समितिको कार्यालयमा पत्रकार सम्मेलन गर्दै गत पौष ७,१० र १३ गते जिल्ला अनुगमन समितिले महोत्तरीको बर्दिवास, गौशाला र भंगहा नगर पालिकामा कसर तथा वासिंग सेन्टरको अनुगमन गर्दा भंगहा नगरपालिकामा १४ बर्दिवास ३ नगरपालिकामा २५ र गौशाला नगरपालिकामा १४ कसर तथा २ बालुवा गिट्टी प्रसोधन केन्द्र फेला पारेकोमा सोहि मध्ये कुनैपनि मापदण्डमा नरहेको नपाइएको जिसस सभापति कर्णले बताए ।

यता गत साता जिससले अनुगमन प्रतिवेदन जारी गरेपछि गौशाला नगरपालिका र बर्दिवास नगर पालिकाले उत्प्रेसन सहितको पर मादेशको लागि उच्च अदालतमा दिएको रिटमा अदालतले अन्तरि म आदेश जारी नहुने आदेश दिएको छ। बर्दिवास नगर कार्यपालिकाको कार्यालय बर्दिवास महोत्तरीको अख्तियार प्राप्त अधिकृत दिपक पौडेल र गौशाला नगरपालिकाको कार्यालय गौशाला महोत्तरीको अख्तियार प्राप्त सहायक चौथो पृथ्वी नारायण महतोको तर्फबाट जिल्ला समन्वय समिति कार्यालय उपर उत्प्रेसन परमादेशको रिट हालिएकोमा पहिलो आदेशमै उच्च अदालतले अन्तरिम आदेश जारी नहुने आदेश दिएको हो ।

पौष १९ गते उच्च अदालत जनकपुरमा रिट दर्ता गरिएकोमा न्यायाधिश रामेश्वर रेग्मीले कारण देखाउ आदेश र छलफलमा झिकाउने आदेश दिएकोमा पौष २६ गते भएको छलफल पछि न्यायाधिश भोजराज अधिकारी र न्यायाधिश सागर विष्टको संयुक्त ईजलासले अन्तरिम आदेश जारी नहुने आदेश दिएको हो।

हालै जिल्ला समन्वय समितिको नेतृत्वमा रहेको अनुगमन टोलीले गौशाला नगरपालिकाको जेसिवी र ट्याक्टर नदीबाट नियन्त्रणमा लिएपछि विवादमा तानिएको गौशाला नगरपालिकाले बर्दिवास नगरपालिकासंगै जिससको एक्सन विरुद्ध रिट हालेको थियो।

जिससले अनुगमन प्रतिवेदन जार ी गर्दै आय स्रोतको नाममा स्थानीय तहले प्रभावकारी अनुगमन नगरी अवैध उत्खननलाई प्रोत्साहन दिएको आरोप लगाएपछि स्थानीय तह प्रतिर ोधमा उत्रेका थिए। वासिङ सेन्टरले क्रसिङ गरेको, नवीकरण नगरेको मापदण्ड पूरा नगरेको, स्टक न देखाइ बिक्री वितरण गरेको र कतिपय कसर बिना इजाजत सञ्चालनमा रहेको जिससको प्रतिवेदनमा उल्लेख छ जिसस प्रमुख सुमन लाल कर्णले बिहिवार गरेको पत्रकार सम्मेलनमा अवैध उत्खननमा स्थानिय तहकै संलग्नता स्विकार्य नहुने बताउदै देशको राजश्व चुहावट गर्न खोज्ने जोकोही कार्यवाहीको भागी बन्ने बताए ।

# हातमा माछा समातेकै अवस्थामा डुबेको १८ घण्टापछि भेटाए युवक

**खबर दर्पण समाचारदाता**

**पुस २९ गते, सिरहा**



माछा मार्न गएको बेला डुबेर मृत्यू भएका सिरहाका युवकलाई सशस्त्र प्रहरीले झण्डै १८ घण्टापछि पोखरीबाट लास निकालेको छ ।विहिबार साँझ ४ बजे पोखरीमा माछा मार्न गएका सिरहाको नरहा गाउँपालिका वडा नम्बर ३ नभटोली टोलका स्थानीय गणेश सदा पोखरीमै डुबेका थिए । उनी डुबे लगत्तै बेपत्ता भएको थियो ।

झण्डै १८ घण्टाको प्रयासपछि सिर हाको विपद व्यवस्थापनको टोली र सशस्त्र प्रहरी सिरहाको ईन्सपेक्टर सूर्य धमलाको नेतृत्वमा गएको टोलीले उनको मृत शरिर बाहिर निकालेको हो ।पोखरीमा डुबे लगतै जमिनमा गडेका दासलाई खोजी गर्दै नेपाली सेना, सशस्त्र प्रहरी, जनपद प्रहरी विहिबार साँझ देखि नै प्रयासरत रहेका थिए ।

उनलाई शुक्रबार (आज) विहान १०:३० बजे मात्र निकालिएको हो ।विहिबार अपरान्ह मलामी गएर घर फर्किदै गर्दा उनी त्यहाँस्थित रहेको एक सार्वजनिक पोखरीमा दुईटा माछा तैरिरहेको देखेपछि माछा ल्याउन गएका थिए । एकहातमा माछा लिएर उनी डुबेका थिए ।शवको प्रकृति हेर्दा उनको हातमा अझै माछा समातिर हेको देखिएको छ । सोही माछा लिएर उनी डुबेका थिए ।

उनी श्रीमतिकै अगाडी पोखरीमा माछा मार्न पसेका थिए भने माछा समात्ने वित्तिकै उनी पोखरीभित्र नै बेपत्ता भएका थिए ।उनको स्वास्नीसहित दुई छोरा र दुई छोरी छन् । उनको डुबेर मृत्यू भएपछि सिँगो टोल नै शोकाकुल भएको छ। उनको परिवारमा उनी मात्र कमाउने थिए।

# मधेश सरकारको निर्णय : अघिल्लो सरकारको कामको समीक्षा गर्न उच्चस्तरीय समिति

**खबर दर्पण समाचारदाता**

**पुस २९ गते, जनकपुर**

शीतलहरबाट जोगाउन हरेक पालिकालाई दाउरा बाँडिने

मधेश प्रदेश सरकारको नवनियुक्त मुख्यमन्त्री र मन्त्रीहरुको शपथ ग्रहणपछि बसेको पहिलो मन्त्रिपरि षद बैठकले अघिल्लो सरकारले ५ वर्षमा गरेका कामहरुको समीक्षा गर्ने निर्णय गरेको छ।

मुख्यमन्त्री कार्यालयमा शुक्रबार बसेको पहिलो मन्त्रिपरिषद बैठकबाट गत ५ वर्ष भित्र प्रदेश सरकारले गरेका कामहरुको मूल्याङ्कन तथा समीक्षा गर्ने निर्णय गरिएको विनाविभागीय मन्त्री वसन्त कुश्वाहाले बताए।

प्रदेश सरकारका कामहरुको मूल्याङ्कन तथा समीक्षासहितको रिपोर्ट तयार पार्न उच्चस्तरीय कमिटी समेत गठन गरिएको उनले जानकारी दिए। उनका अनुसार कमिटीलाई प्रतिवेदन तयार पार्न १५ दिनको समय दिइएको छ।

यसका साथै मधेशमा शीतलहर चलिरहेकाले प्रत्येक पालिकालाई दाउरा वितरण गर्ने निर्णयसमेत बैठकले गरेको छ।

गरिव तथा विपन्न वर्गलाई जाडो छल्न १३६ वटै पालिकालाई दाउरा वितरण गर्ने निर्णय गरि एको हो।

त्यस्तै मधेश सरकारमातहतका प्रत्येक सरकारी कार्यालयमा गुनासो पेटिका राख्ने निर्णयसमेत गरिएको छ गुनासो पेटिकामा संकलित गुनासा प्रत्येक दिन मुख्यमन्त्री कार्यालयमा पुऱ्याइने विनाविभागिय मन्त्री कुश्वाहाले बताए।

# मधेस प्रदेशमा माओवादी संसदीय दलको नेतामा साह निर्वाचित



**जनकपुर** / नेकपा (माओवादी केन्द्र) मधेश प्रदेश संसदीय दलको नेतामा भरतप्रसाद साह निर्वाचित हुनुभएको छ । आज बिहान भएको निर्वाचनमा उहाँले अर्का उम्मेदवार युवराज भट्टराईलाई पराजित गर्नुभएको थियो ।

सहमतिका लागि अधिकतम प्रयास भए पनि अन्ततः निर्वाचत गर्नुपरेकामा साहले चार र भट्टराईले तीन मत प्राप्त गर्नुभएको जनाइएको छ । माओवादी केन्द्रबाट मधेश प्रदेशसभामा नौजना सदस्य रहे पनि दुई जना निलम्बनमा हुनुहुन्छ ।

# मानव अधिकार समुह र स्थानीय सरोकारवालाहरुको क्षमता अभिबृद्धि तालिम सुरु



**खबर दर्पण समाचारदाता**

**पुस २९ गते, ढल्केवर**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश कार्यालयको आयोजना र मिथिला नगर पालिकाको समन्वयमा मानव अधिकार समुहका सदस्य र सरोकारवालाहरूको लागि दुई दिने क्षमता अभिवृद्धि तालिम पुस २९ गते देखि सुरु भएको छ।

मिथिला नगरपालिका १० लालगढ स्थित बौआ होटेलमा संचालन भएको कार्यक्रमको उद्घटान सत्रलाई सम्बोधन गर्नुहुँदै नगरपालिकाका नगर उपप्रमुख सुनिता सिंह बुढाथोकीले मानव अधिकार कासवाललाई नीति तथा कार्यक्रममा समेटने बताउनुभयो।

उपप्रमुख बुढाथोकीले समुदायमा रहेका मानव अधिकारका आधार भूत सवालमा इन्सेकसँग सहकार्य गरी कार्यगर्ने प्रतिवद्धता समेत जनाए।

उपप्रमुख बुढाथोकीले सामाजिक बिकृति, विसंगति अन्त गर्न सबैको भूमिका अपरिहार्य रहेको बताउँदै उनले हिंसा, कुरिती र कमजोरी लुकाएर नभई उजागर गरेर समाधान खोज्नु पर्ने आवश्यक्ता रहेको बताए।

मधेस प्रदेश संयोजक राजु पासवानले स्थानीय निकायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउन इन्सेक हातेमालो गर्न, समन्वय र सहकार्य गरेर समाधान पहिल्याउन तत्पर रहेको बताए।

संयोजक पासवानले समुदायमा रहेका शिक्षा, स्वास्थ्य, वातावरण संरक्षणका सवाल, विभेद विरुद्धको अधिकार लगायतका सवालमा सेवाग्राही र सेवाप्रदायक निकायबीच देखिएका समस्यामा सहजीकरण गर्ने गरी मानव अधिकार शिक्षा कार्यक्रम संचालन गरिएको बताए । स्थानीय समुदायलाई सचेत बनाउदै शिक्षा, स्वास्थ्य, वातावरण संरक्षणका सवालमा मागदावी गर्ने बनाउने कार्यक्रमको मुख्य उदेश्य रहेको संयोजक पासवानले बताए।

दुई दिने तालिममा मधेस प्रदेश संयोजक पासवानले इन्सेकको परि चय, मानव अधिकारको विकास अवधारणा, समाजमा भएको हानिकारक मान्यता, महिला विरुद्धका हिंसाका घटनामा कानुनी प्रावधान लगायतका विषयमा प्रशिक्षण दिइने जानकारी समेत गराए।

यसैगरी इन्सेक महोत्तरी प्रतिनिधि अजयकुमार साहले मौलिक हक तथा कर्तव्य, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र नगर पालिकाको भूमिकाका बारेमा सहजिकरण गरे ।

इन्सेकका सहजकर्ता अनिता यादवले संचालन गरेको उक्त तालिमको उदघाटन सत्रको अध्यक्षता मानव अधिकार समूहका अध्यक्ष मोहन कुमार महतोले गरेका थिए।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा